महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरिक्षण निर्देशनालय
प्रदेश नं १
डोरमुकाम, ओखलढुङ्गा
अ.छा.वे.

मिति: २०७६।०७।१८

पत्र संख्या : २०७६।७७
च.नं. २

विषय: **लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
लिखु गाउँपालिका
ओखलढुङ्गा ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७५।०७६ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्वन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७६।०७।१८ मा छलफल पश्चात् तयार गरिएको पाना (१६) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्याविधि ऐन २०५५ को दफा १९ अनुसार ३३ दिनभित्र फर्छ्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(भूमिराज आचार्य)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:

श्री संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार,काठमाण्डौ प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
ओखलढुङ्गा : प्रतिवेदन संलग्न छ ।

स्थानीय निकायको नाम : लिखु गाउँपालिकाको, ओखलढुंगा ।

आर्थिक वर्ष: २०७५।०७६

	नाम	कार्यरत अवधि		बेरुजू रकम
		देखि	सम्म	
कार्यालय प्रमुखः	प्र.प्र.अ. समिर भटटाराइ श्री ओम वहादुर दर्जी	२०७५।४।१ २०७६।०५।०८	२०७६।०५।०७ २०७६।३।३१	१८३६४४७६
आर्थिक प्रशासन प्रमुखः	स.ले.पा. जिवन घिमिरे	२०७५।४।१	२०७६।३।३१	

लिखु गाउँपालीका
लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो पालीका अर्न्तगत ९ वडा रहेको ४९ सभा सदस्य ८८.०३ व.कि.मी.क्षेत्रफल, १४०४९ जनसंख्या १ नं. प्रदेशमा अवस्थित छ । ***लेखापरीक्षणको क्रममा रु.४८०००।०० असुली भइ संघीय राजश्व र स्थानीय राजश्व रु.१३५२६६५।०० दाखिला भएको भौचर पेश भएको छ ।***

स्थानीय संचित कोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिमचिसंखुगढी गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन भएका आय – व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

सञ्चित कोषको हिसाव २०७५।०७६

क.स	आय	रकम	रकम	क.स	व्यय	रकम	रकम
१	शुरु मौज्दात		१४,१७८,७६५	१	चालु खर्च आन्तरीक		२,८००,०००
	रा.वा.वैक	१४,१७८,७६५		२	चालु खर्च गाउपालिका		२४,२२४,३९९
	गा.वि.स आम्दानी	-		३	गत आ व सशत किर्ता		२,६०२,२३७
	रा वा.वैक	-		४	पूजीगत खर्च वडा		३९,१२७,६१८
२	राजश्व		३४,७३६,८९०	५	पूजीगत खर्च गाउपालिका		२८,०२७,३८८
	आन्तरीक राजश्व	३,१७५,४२७		६	विषयगत कार्यक्रम		३,४६८,८४१
	राजश्व बाडफाड संघ	३०,१९०,४७७		७	संघीय सरकार विषयगत कार्यक्रम		४०,४६५,३५९
	राजश्व बाडफाड प्रदेश सवारी	८४०,९८६			प्रदेश तथा स्थानीय तह क्षेत्र विकाश कार्यक्रम	३०५,०००	
	राजश्व बाडफाड प्रदेश मालपोत	५३०,०००			सामाजिक सुरक्षा कार्यक्रम	३२,४९५,७००	
	अन्य	-			स्थानीय पूवाधार विकाश कार्यक्रम	५,०००,०००	
३	संघीय सरकार विषयगत कार्यक्रम		४३,४०५,६५९		सोलुङ्गे पुल क्षेत्र विकाश कार्यक्रम	९०,०००	
	प्रदेश तथा स्थानीय तह क्षेत्र विकाश कार्यक्रम	३०५,०००			गोरिदसँग विश्वेश्वर कार्यक्रम	-	
	सामाजिक सुरक्षा कार्यक्रम	३३,२३६,०००			प्रधानमन्त्री रोजगार कार्यक्रम	३५९,०००	
	स्थानीय पूवाधार विकाश				संचित विदा	९१५,८९९	

	कार्यक्रम	५,०००,०००					
	कोशुरे मूल क्षेत्र विकास कार्यक्रम	९०,०००			औषधीउपचार	१,२९९,७६०	
	गरिबीमाथि विजयोदय कार्यक्रम	-		८	प्रदेश शर्शत		१८,७००,०००
	प्रधानमन्त्री रोजगार कार्यक्रम	२,५५९,०००			प्रदेश शर्शत अनुदान	१३,५००,०००	
	सञ्चित विदा	९१५,८९९			प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम	५,२००,०००	
	औषधीउपचार	१,२९९,७६०		९	गत आवको वजेट खर्च		-
	सघ वित्तीय हस्तान्तरण		१७८,१९६,६३७	१०	शर्शत अनुदान सघ		१०२,६९५,७९०
	वित्तीय समानीकरण	६०,३००,०००		११	समपूरक अनुदान सघ		-
	शर्शत अनुदान	११७,८९६,६३७		१२	धरौटी फिर्ता		४०,०००
	समपूरक अनुदान	-		१३	एस.आई.पि.		५,३३३,५७३
	विशेष अनुदान	-		१४	हेल्भाटास		३,८७५,६२५
	कर्ण कर्वेट	-		१५	पुल हेरालु		-
	प्रदेश वित्तीय हस्तान्तरण		२२,००६,०००	१६	सिएमसी नेपाल		-
	वित्तीय समानीकरण	३,३०६,०००		१७	कन्टेन्जेन्सी		२,९०१,४५०
	शर्शत अनुदान	१३,५००,०००		१८	फिर्ता		१८,१४१,१४७
	प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम	५,२००,०००			प्रधानमन्त्री स्वरोजगार कार्यक्रम	२,२००,०००	
	समपूरक अनुदान	-			शर्शत अनुदान सघ	१५,२००,८४७	
	विशेष अनुदान	-			सामाजिक सुरक्षा	७४०,३००	
	कुल			१९	अन्तिम मौज्दात		१२,६०२,५८०
	वित्तीय व्यवस्था प्राप्ति				धरौटी खाता	१३०,०४५	
	ऋण प्राप्ति					-	
	लेवी प्राप्ति					-	
	व्याज प्राप्ति				नगद बाकी	३०२,९६५	
	अन्य प्राप्ति		-		नेपाल एस वि आइ सचित खाता	११,८२१,५७०	
	धरौटी आय		१७०,०४५		नेपाल एस वि आइ आन्तरिक खाता	-	
	विभिन्न निकायबाट प्राप्त रकम		९,४१०,५६१		नेपाल एस वि आइ विपद खाता	३४८,०००	
	सिएमसी नेपाल	-					
	एस.आई.पि.	५,५३४,९३६					
	हेल्भाटास	३,८७५,६२५					
	कन्टेन्जेन्सी		२,९०१,४५०				
	कुल		३०५,००६,००७				३०५,००६,००७

क्र.सं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण
१	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ अषाढ १० मा सभामा पेश भइ २०७५।०३।२८गते स्वीकृत भएकोमा २०७५।०४।०२ मा ७ दिन भित्र नै प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलव्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संचालन गर्ने उल्लेख गरेको छ ।		
२	**वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउ सभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७४ आषाढ १० भित्र सम्पन्न गरी स्वीकृत गरेको पाइयो ।		
३	**अनुमानमा घटी आय :** गाँउपालीकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४० लाख ७० हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.३२५५०७१।०० अर्थात अनुमानको तुलनामा २० प्रतिशत घटी आय प्राप्त गरेको छ । आयको अनमान र वास्तविक प्राप्ती बीच धेरै फरक परेको कारण पहिचान गरी तथा वास्तविक श्रोतको यथार्थता निराकरण गरी आय आर्जन गर्ने तर्फ विशेष रुपले ध्यान दिन आवश्यक देखिएको छ ।		
४	**आन्तरीक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छ । • आन्तरीक लेखापरीक्षण नभएको • तलवी प्रतिवेदन पारीत नभएको • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ वमोजिम निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ तर विमा गर्ने परीपाटीको विकास नभएको • कार्यलयको स्थायी लेखा नम्वर नलिएको • कार्यालयले पदाधिकारी तथा कर्मचारीहरुको कार्यक्रम भ्रमणमा जाँदाको क्रमबद्ध रुपमा भ्रमण अभिलेख खातामा प्रविष्टी गरी राख्नुपर्नेमा त्यस्तो अभिलेख राखेको देखिएन । • पदाधिकारी तथा अधिकृत कर्मचारीले कार्यक्रम भ्रमण तथा अनुगमनमा जाँदाको भ्रमण उपलब्धी प्रतिवेदन लिने गरेको देखिएन । प्रतिवेदन लिनुपर्ने प्रावधान		

बुँदा क्र	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	अनिवार्य गरिनु पर्दछ । • खर्च भएर जाने जिन्सी सामानको दाखिला प्रतिवेदनमा सामान कार्यालयमा भन्ति गरी प्राप्त भएको प्रमाणित गर्ने गरेको देखिन्छ तर कतिपयमा जिन्सी खाता पाना नं. उल्लेख नगरेको पनि देखिन्छ । सबै प्रकारको सामान खरिदमा जिन्सी खाता पाना नं. उल्लेख गर्नुपर्ने देखिन्छ । • निर्माण कायको गुणस्तर परीक्षण र बीमा गराई जोखिम न्यून नगरेको, • सबै कर्मचारीको स्थायी लेखा नम्वर नलिएको • प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको, (निजामति सेवा ऐन, २०४९ को दफा ५) • उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान, निराकरण नगरेको, (आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५) • भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५) • मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ राख्ने नगरेको, • जिन्सी निरीक्षण नगरेको , • कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको, (आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९०.१ अनुसुची १४) • केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको, • भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१) • भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको नपाईएको, • उपभोक्ता समितिवाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरीद ऐन तथा खरीद नियमावली वमोजिमको खरीद विधि नअपनाएको, (सार्वजनिक खरीद ऐनको दफा ३.१) • सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ वमोजिम हरेक सार्वजनिक निर्माणको सम्झौता अंक, मिति, प्राविधिक विपश्लेषण सहितको कार्यसम्पन्न प्रतिवेदन, नापी किताव, विल, विजक लगायतको आधारमा प्रष्टसँग बुझिने किसिमले श्रेस्ता तयार गरी भुक्तानी दिनुपर्ने हुन्छ । गाउँपालिकाको सवै वडामा भएका पूँजीगत खर्चहरुको उपभोक्ता समितिहरुमार्फत भएका कामको कार्यसम्पन्न अंक रकम, मिति, अनुगमन प्रतिवेदन लगायतका विषयहरु स्पष्ट उल्लेख नभएको हुँदा कार्य भएको हो वा होइन भन्ने विषय पूर्ण रुपमा एकीन गर्ननसएिको । आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।		
३	**श्रोतअनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेको देखिन्छ । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन छनौट		

क्र.सं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	राख्नु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउन आवश्यक छ ।		
६	**आन्तरिक ऋण** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालीकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशिल, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाँउपालीकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।		
७	**लक्ष्य प्रगतिको स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरिय तथा केन्द्रियस्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । जसवाट सञ्चालित योजना तथा कार्यक्रमको कार्य सम्पादन र प्रगति सम्वन्धमा एकिन गर्न तथा गाउँपालिकावाट सञ्चालित कार्यक्रमको उपलब्धी सम्वन्धमा विश्लेषण गर्न सकिएन । नियमावलीले तोके वमोजिमको ढांचामा क्रियाकलापगत परिमाण र खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।		
८	**स्थानीय तथ्यांक र अभिलेख** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीती, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।		
९	**कर्मचारी व्यवस्था** :निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ११७ रहेपनी स्थायी पदपूर्ति ३४ रहेको देखियो । ८३ पद रिक्त रहेका छन। अनावश्यक पद भए खारेज गर्नु पर्ने र पदपूर्ति गर्ने तर्फ कुनै कारवाही गरेको देखिएन ।		
१०	**एकीकृत विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा बनाई पेशगर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको विउपूँजी तथा अन्य आयको हिसावमा खुलासा समेत नगरेको स्थिति छ । यप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ ।		
११	**वित्तीय जवाफदेहिता पालना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोवार सम्वन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाँउपालिकाले नियम विपरीत कार्यमा रु. १८३६४४७६।०० खर्च गरी नियमावलीको पालना गरेको देखिएन ।		
१२	**वक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्रि, मालपोत, अन्तःशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नूपर्ने राजस्वको व्यक्तिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।		
१३	**आन्तरिक आय** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा वजेट सीमा निधांरण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरीक आय		

क्रम	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ८ वटा वडा कार्यालय मार्फत मालपोत, सिफारीस दस्तुर, पञ्जीकरण, घरधुरी कर, व्यवसाय दर्ता, सवारीसाधन कर लगायतका शीर्षकमा रु.३२५५०७१।०० राजश्व असूली गरेको विवरण देखियो ।		
१३	**राजश्वको अभिलेख** : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनीक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।		
१४	**रसीद नियन्त्रण खाता:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद काट्टी गरी त्यसलाई दैनीक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष कति खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार रहन । रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।		
१५	**सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल-अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नखनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अध्यावधिक गर्नुपर्दछ ।		
१६	**अनुरोध** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । एकिकृत विवरण तयार गर्नुपर्दछ ।		
१७	**सञ्चित कोष** : स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै बाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा बाकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ ।		
१८	**क्षेत्र नक्सांकन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक		

क्रम	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।		
१९	**आर्थिक विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाँउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आथिंक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीषंकगत खर्चको स्थिति समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन ।		
२०	**उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण रुपले अवलम्वन गरेको देखिएन ।		
२१	**कल्याण कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ ।कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालीका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ ।		
२२	**लक्षित समूह खर्च :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालिकाले पूजीगत कार्यक्रम वाहेक महिला स्वास्थ्य स्वयम सेविकालाई रु.४९२०००।०० खर्च लेखेकोले ऐनको पालना गरेको नदेखिएको छ	४९२०००-	
	सामाजिक सुरक्षा		
२३	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ.। केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरे अनुरुप गाँउपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन । जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७४/७५ को लगतको आधारमा गाँउपालिकाले आ.व. २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । गाउँपालिका सँग आफ्नो अद्यावधिक लगत किताव नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्ट गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा गाउँपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ		
२४	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । यस गाँउपालिकाको विभिन्न ९ वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्न सम्वन्धित वडाका वडा अध्यक्षहरुले पेश्की लिई पेश्की फछ्र्यौट गर्दा निम्नानुसार भरपाई भन्दा बढी खर्च लेखेको (पे.फ.गरेको) पाइयो । विल भरपाई भन्दा	४१२००	

क्र.सं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण

भठी खर्च लेखेको रु. ४१,२००।०० असुल गर्नुपर्ने रु.

भौ.नं. र मिति	पेश्की लिने	पेश्की रकम	विल भरपाई	भरपाई नपुग	कैफियत
१०७५/६/२३	विशाल कुमार पौडेल	२२१८०००	२२०९२००	९६००	प्रथम चौमासिक
१९/०७५/१२/१९	रामहरी बुढाथोकी	१०४१६००	१०३७०००	४६००	प्रथम चौमासिक
२९/०७६/३/१२	रामहरी बुढाथोकी	१०४१६००	१०४०२००	१४००	दोस्रो चौमासिक
१६/०७५/१२/१८	गोपाल खड्का	१२३९२००	१२३७६००	१६००	प्रथम चौमासिक
४८/०७६/३/३१	गोपाल खड्का	११८७२००	११७९२००	८०००	तेस्रो चौमासिक
१२/०७५/१२/१८	टिका ब. क्यापछ्याकी	१२८५२००	१२७६८००	८४००	प्रथम चौमासिक
३३/०७६/३/१२	टिका ब. क्यापछ्याकी	११५६४००	११५४४००	२०००	दोस्रो चौमासिक
२०/०७५/१२/१९	वेद बहादुर कार्की	१३७६४००	१३७०८००	५६००	तेस्रो चौमासिक
	जम्मा			४१२००	

२. **लगत अद्यावधिक नगरी खर्च लेखेको :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा ६ वमोजिम नाम दर्ता तथा नवीकरणवाट आगामी आर्थिक वर्षको लागि कायम हुन आएको लाभग्राहीहरुको संख्यात्मक विवरण प्रत्येक गाउँपालिका तथा नगरपालिकाले अनूसुची ५ वमोजिमको ढाँचामा लगत अद्यावधिक गरी सोही अनुसार भुक्तानी गर्नु पर्ने प्रावधान छ ।लिखु गाउपालिका अर्न्तगतका ९ वटै वडाहरुले भत्ता वितरण कार्यको लागि तोकिएको ढाँचामा चौमासिकगत लगत अद्यावधिक नगरी खर्च लेखेको पाइयो । यसरी भत्ता वितरण गर्दा वास्तविक लाभग्राहीहरुको संख्या एकिन गर्न नसकिने साथै कार्यविधिको परिपालना समेत नगरेको पाइयो । गाउपालिकाले कार्यविधिको परिपालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३. **असम्वधित व्यक्तिलाई भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १६ को (ख) मा भत्ता वितरण गर्दा सम्वन्धित व्यक्तिलाई मात्र भत्ता वितरण गर्नुपर्ने र अन्य व्यत्तिलाई वितरण गरेको पाइएमा यसरी वितरण गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानून बमोजिम कारवाही हुने व्यवस्था छ । गाउपालिका अर्न्तगतका वतिपय वडामा केहि लाभग्राही स्वयले नभई अन्य व्यक्तिले भत्ता बुझेको पाइयो । यसरी भत्ता वितरण गर्दा कार्यविधिको पालना नहुनुको साथै वास्तविक लाभग्राहीले भत्ता पाएको हो होइन सोको एकिन समेत नहुने हुदाँ गाउपालिकाले कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४. **बैंक मार्फत भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा २२ मा सबै लाभग्राहीहरुलाई बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने साथै ऐ कार्यविधिको दफा २३ को (३) मा सामाजिक सुरक्षा विशेष बचत खाता सम्वन्धी व्यवस्था गरेको भएता पनि यस गाउपालिकाका सबै

क्र.सं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	विवरण
	वडामा हालसम्म पनि लाभग्राहीको बैंक खाता नखोलिएकोले कार्यविधिको पालना गर्नेतर्फ गाउपालिकाले ध्यान दिनुपर्दछ ।		
२८	**मुल अभिलेख नराखेको** : सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १० को उपदफा (१) मा प्रत्येक गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीको फोटो सहितको अनुसुची ५ बमोजिमको ढाँचामा मूल अभिलेख अद्यावधिक गरी राख्नुपर्ने साथै लाभग्राहीको तोकिए बमोजिमको विवरण निदिष्ट गरी समयावधि भित्र व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस.) मा प्रविष्टि गर्नुपर्ने व्यवस्था भएकोमा यस गाउपालिकाले सवै लाभग्राहीको तोकिएको ढाँचामा अभिलेख राखेको पाइएन । गाउपालिकाले कार्यविधिको पालना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।		
२९	**एम.आई.एस.मा नभएकालाई भत्ता वितरण** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दाफा ८ मा आगामी आ.व.मा भत्ता पाउने प्रयोजनको लागि एम.आई.एस.प्रणालीमा इन्ट्री गर्ने अन्तिम मिति जेष्ठ नागरिकको हकमा चालु आ.व.को माघ १५ गतेसम्म, अन्य लाभग्राहीको हक निवेदन प्राप्त भएकै चौमासिकमा एम. आई. एस. प्रणालीमा इन्ट्री गर्नुपर्ने एंव जेष्ठ नागरिकको हकमा माघ मसान्तभित्र र अन्य लाभग्राहीहरुको हकमा निवेदन प्राप्त भएकै चौमासिकमा नाम दर्ता तथा नवीकरण गर्नुपर्ने व्यवस्था छ । यसरी एम.आई.एस.प्रणालीमा दर्ता भएकाहरुलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा गाउपालिकाले वडा न.३ मा १जनाको रु२४,०००।००,वडा न.५ मा ३ जनाको रु५६,०००।०० वडा न.६मा ७ जनाको रु.१,२९,६००।०० वडा न.८ मा २ जनाको रु२४०००।००, र वडा न.९ मा १० जनाको रु.२,१६,०००।०० गरि जम्मा रु४,४९,६००।०० एम आइ एस मा ५ छुट भएको भनि एम.आई.एस.प्रणालीमा इन्ट्री नभएका लाभग्राहीहरुलाई भत्ता वितरण गरेको पाइयो । एम.आई.एस.प्रणालीमा पनि इन्ट्री नभएका व्यक्तिलाई भर्पाईको पुछारमा नाम थप गरी कार्यविधि विपरीत भत्ता वितरण कार्य नियम सम्मत नदेखिएको रु.	४४९६००	
३०	**कन्टिजेन्सी खर्च** : आयोजना संचालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी भूक्तानी गरेको अवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा संकलन भए अनुसार नै रु.१८५१७५०।०० खर्च गरेको छ । योजना अनुगमन, कार्यालयको काम, योजना सर्भेक्षण, वैंकिंग कार्य, मर्मत लगायतका कार्यमा उक्त रकम खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम कन्टिन्जेन्सीको रकम खर्च गर्दा १.५ प्रतिशत पूँजीगत र १.५ प्रतिशत चालु प्रकृतिको खर्च गर्नुपर्नेमा साधारणमा मात्र खर्च गरेको छ ।साथै लिखु खानेपानी योजना वडा नं ६ को उपभोक्ता समिति र सिताधारा खानेपानी योजनालाइ विल रकम भुक्तानी गर्दा रु.१३०५० र रु.१५०००।०० कटटा गरी भुक्तानी गर्नु पर्नेमा पुरा रकम दिएकोले सो रकम २८०५०।०० असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.	२८०५०	
३१	**तलवी प्रतिबेदन** : स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका सर्म्पूण कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।		
३२	**वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा		

बेरुजु दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्यौटको विवरण
	गाँउपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाँउपालीकाले यो वर्ष वातावरण संरक्षण तथा विपद व्यवस्थापन तर्फ वजेट तय नगरेको र वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा गाँउक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । ढल निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी ग्रामीण वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । शीर्षक अनुसारको वजेटमा प्रयाप्त ध्यान दिएको देखिएन ।		
३३	**प्राकृतिक तथा व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाँउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा गाँउपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाँउपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । सल्लोको खोटो, खयर, ढुङ्गा, वालुवा आदिको आय ठेक्का नलगाएको र कूनै पनि आय प्राप्त गरेको देखिएन ।		
३४	**सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।		
३५	**मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्रवाट, उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ । कोतगढी, रातमाटे र सेर्ना झर्ना, घामडाडा जस्ता पर्यटकिय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ ।		
३६	**खर्चको मापदण्ड** : गाउंपालिकाले वर्षभरीमा अनुगमन र दैनीक भ्रमण खर्च सम्वन्धमा वापत जनप्रतिनिधि र कर्मचारीलाइ रु.२९००००००।०० खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्वन्धमा गाउंपालिकाले मापदण्ड वनाएको पाईएन । आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ । साथै जनप्रतिनिधिलाइ अनुगमन र दैनिक भ्रमण खर्च उपलव्ध गराउने कार्यमा नियन्त्रण गरीनु पर्दछ ।		
३७	**वढी भुक्तानी** - सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ बमोजिम सार्वजनिक निकायले प्राविधिक मूल्याङकन सहितको लागत अनुमान तयार भएपछि सोही अनुरुपको विल भरपाई र प्राविधिक मूल्याङकन तयार गर्नु पदर्छ । निम्न निर्माण कार्यको मुल्याकन भन्दा वढी पोकली खोला मल्खु सिञ्चाइ उपभोक्ता समितिलाइ रु. ३४६१४।०० बढी दिएकोले सो रकम असुल गरी स्थानींय राजश्व दाखिला गर्नुपर्ने रु.	३४६१४	
३८	**कर दाखीला**: आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानीमा तोकिएको प्रतिशतका दरले अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यस वर्ष निम्नानुसारको भुक्तानीमा नियमानुसार अग्रिम कर कट्टा गर्न छुट भएको वा घटि कट्टा गरेको , कर कटटा गरी दाखीला नगरेको रु. २५३०३।०० असुल गरी संघीय राजश्व दाखिला गर्नुपर्ने रु.	१२९१५३	

क्र.सं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण

भौ.नो मिति	भुक्तानी पाउनेको नाम	काम	भुक्तानी रकम	कर रकम
३।२०७५।१२।०१	विभिन्न (शिक्षा)	राष्ट्रपति रनिङ्ग शिल्ड	४२५४०	६३८१
२१।२०७६।०३।३१	विभिन्न (शिक्षा)	परीक्षा सञ्चालन	७९७००	११९५५
१७।२०७५।१०।३०	विभिन्न (कृषि)	कर कटटा	७७००	११५५
५।२०७६।०३।०३	न्यापसोल कृषि वन प्रा.लि. हेल्वेटास	घासको विउ	६२८००	९४२
५।२०७६।०३।०३	जगतपुर एग्रोभेट चितवन हेल्वेटास	वाखा खरीद	४५०००	६७५०
५।२०७६।०३।०३	जय जगदम्वा ट्रेड कर्न्सन प्रा.लि हेल्वेटास	जस्तापाता खरीद	४४२४७६	६६३७
१३।२०७६।०३।२५	कविता फलपुल तथा नर्सरी	फलपुल विरुवा	१७७५००	२६६३
५.२०७.०३.१९	चामुण्डा एग्रो एण्ड जनरल सप्लायर्स गापा कृषि	कृषि सामान खरीद	५१०००	७६५
३.२०७६.०३.२६	सिहदेवी नर्मदेश्वर यसम सडक उपभोक्ता समिति	सडक निर्माण	२८५१३३३	४२७७०
४.२०७६.०३.२६	मजुवा भञ्ज्याङ्ग वाल्पु मल्खु खिजीदेम्वा सडक उपभोक्ता समिति	सडक निर्माण	३७८१३३	५६७२
२०९.२०७६.०३.२५	कानुन सल्लाहकार	परार्मश	६८०००	१०२००
विभिन्न	लेखापढी व्यावसायी इन्द्र वहादुर कटवाल	जग्गा व्यवस्थापन	२२१७५०	३३२६३
जम्मा				१२९१५३

३९	**सोझै खरिद** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा पटक पटक चालूमा रु.२४९०००.०० र पूजीगतमा रु.२२३३९८२।०० समेत रु.४७२३९८२.०० खर्च गरेको पाइयो । खरीद कार्य गर्दा नियमअनुसार दरभाउपत्र तथा वोलपत्र प्रक्रिया अपनाई गर्नुपर्दछ । यसरी प्रतिस्पर्धा वेगर सोझै खरीद गरेकोले अनियमित देखिएको रु.	४७२३९८२	
४०	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्वन्धी कार्यविधिको व्यवस्था रहेको छ । नयाँ आर्थिक वर्ष सुरु भएपछि कार्यालय प्रमुखले वजेटको निकासा लिई सोको सीमाभित्र रहेर निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । अध्यक्षको तोक आदेशको आधारमा रु.२१८१४८८।०० खर्च गरेका पाइयो । वजेट सिद्धान्त विपरीत अध्यक्षको तोक आदेशको आधारमा खर्च खर्च गर्नु प्रचलित कानुन विपरीत रहेकोले आगामी दिनमा स्पष्ट वाडफाड गरी खर्च गर्ने तर्फ सभा , कार्यपालीकाको गम्भीर		

बरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	ध्यानाकर्षण हुनु पर्दछ । साथै यसरी खर्च गरेको अनियमित देखिएको रु.	२१८१४८८	

४१ **मूल्य अभिवृद्धि कर भुक्तानी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५४ अनुसार, ६.५ मूल्य अभिवृद्धि करमा भुक्तानी गर्ने कार्यालयले दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । तर कार्यालयले देहायका कम्पनी प्रा.लीहरुलाई रु. ६०३४२२।०० मूल्य अभिवृद्धि कर पुरा भुक्तानी गरेकोले सो रकम असुल गर्नु पर्ने रु. ३०१७११

सि.नं	भौ.नं मिति	भुक्तानी पाउनेको नाम	मु अ कर	६.५ मु अ कर
१	१६क ०७६।०३।२६ गापा व्यवस्थापन	लिखु खोला निर्माण सेवा	२२५०१६	११२५०८
२	११।२०७६।०३।३० गापा व्यवस्थापन	NEXT CONSULTANCY	९०८८५	४५४४२
३	२२२।२०७६।०३।३१ चालु	ERMC NEXT CONSULTANCY	२८७५२१	१४३७६१
				३०१७११

४२ **पेश्की :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपपनियम (३) बमोजिम खरिद सम्झौता भएपछि सार्वजनिक निकायले त्यस्तो समिति वा समुदायलाई सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्मको अग्रिम रुपमा पेश्की दिन सक्ने र सो पेश्की सार्वजनिक निकायले त्यसरी दिएको पेश्की निर्माण कार्यको अन्तिम किस्ता भुक्तानी गर्नु अघि फछ्र्यौट गरीसक्नु पर्ने व्यवस्था छ। तर निम्नानुसारको विभिन्न उपभोक्ताहरु र कर्मचारीको नाममा पेश्की वाँकी देखिएकोले उक्त पेश्की रकम खरिद नियमावली र सम्झौताको सर्त वमोजिम फछ्र्यौट गर्नु पर्ने रु. ८५१०००

सि. नं.	कार्यक्रमको नाम	पेश्की लैजानेको विवरण	पेश्की वांकी रकम	कैफियत
१	साना सिञ्चाइ	जरुवा साढीवेशी कुलो	८३३०००	उपभोक्ता समितिको पेश्की
३	हेल्वेटास	नन्दराम वुढाथोकी	१८०००	
		जम्मा	८५१०००	

साथै साविक गाँउ विकास समितिको पेश्की वेरुजू रकम समेत सारी एकिकृत पेश्कीको विवरण तयार गर्नुपर्नेमा सो प्रक्रिया अवलम्वन नगरे वाट विगतको पेश्की वाँकी र फछ्र्यौटको स्थिति मूल्याङ्कन गर्न सकिएन । विगतको पेश्की जिम्मेवारी सारी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

स्वास्थय तर्फ

४३ **जिन्सी किताबमा आम्दानी नबाँधेको** –आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (१) मा कार्यालय प्रमुखले कार्यालयमा प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्य सकमेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । तर पालिकाकाले निर्जिमा मेडिको सप्लायर्स मध्यपुर ठिमी भक्तपुर बाट रु. २००७६४२।०० को विभिन्न औषधी खरिद गरेकोमा जिन्सी खातामा एकमुष्ट औषधीको परिमाण मात्र प्रविष्टि गरेको पाइयो । माग फारमको आधारमा विभिन्न स्वास्थ्य चौकी लाई औषधी पठाएकोमा जिन्सी किताबमा खर्च

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	घटाएको छैन र बाँकी औषधीको परिमाण पनी उल्लेख छैन । औषधीको आम्दानी खर्च र बाँकीको प्रविष्टि गरी स्वास्थ्य संस्थालाई पठाएको औषधीको सम्वन्धित स्वास्थ्य संस्थाले जिन्सी आम्दानी बाँधेको प्रमाण पेश गर्नुपर्ने रु.	२००७६४२	
४५	**जिन्सी खाता अद्यावधिक नभएको :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७ (१) मा कार्यालय प्रमुखले कार्यालयमा प्राप्त हुन आएका जिन्सी मालसामानको विवरण र मुल्य सकमेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँधी श्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले जिन्सी किताबमा आम्दानी खर्च र बाँकी देखिने गरी जिन्सीको अभिलेख राखेको छैन । जिन्सी मालसामानको परिमाण मात्र उल्लेख गरेको र मुल्य समेत खुलाई आम्दानी बाँधेको छैन । जिन्सी सामानको खर्च र बाँकीको अभिलेख नदेखिँदा जिन्सी सामानको अवस्था एकिन नहुने र दुरुपयोग हुन सक्ने भएकोले जिन्सी खाता अद्यावधिक र व्यवस्थीत गरि नियमावलीको पालना गर्नु पर्दछ ।		
४६	**विल भरपाई बेगरको खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । ज. स्वा. नी. दिनानाथ चौधरीको पेश्की फछ्र्यौट गर्दा निम्नानुसारको कार्यक्रममा विल भरपाई भन्दा बढी खर्च लेखेको पाइयो । विल भरपाई भन्दा बढी खर्च रु. ७,४३०।- असुल गर्नुपर्ने रु.	७४३०	

भौ. नं. र मिति	कार्यक्रम	खर्च लेखेको	विल भरपाई भएको	विल भरपाई बेगरको खर्च
२१/०७५/३/३१	चौमासीक रिभ्यु तथा अभिमुखीकरण	४४००००	४००००	४०००
२१/०७५/३/३१	खोप नियमावली AEFI को समिक्षा कार्यक्रम	४५००००	४१५७०	३४३०

	शिक्षा तर्फ		
४७	६/०७५/१२/२८ भिमसेनस्थान मा. वि., नर्वनेश्वरलाई फागुन र चैत्र महिनाको शिक्षकहरुको तलव निकासा गर्दा सम्बन्धित विद्यालयको माग फारमको आधारमा रु. ५,२५,६९२।०० निकासा गर्नु पर्नेमा रु. ५,३०,७९२।०० निकासा गरेकोले बढी निकासा रु. ५,१००। असुल गर्नुपर्ने रु.	५१००	
४८	१/०७५/६/१६ ग्रामोदय युगकवि सिद्धिचरण मा.वी. गाम्नाङटारमा कार्यरत निमावि द्वितिय शिक्षिका निर्मला सुवेदीलाई तलव भत्ता भुत्तानी गर्दा तलवी प्रतिवेदन अनुसार २ ग्रेड रु. १५६६ भुत्तानी गर्नुपर्नेमा ३ ग्रेडको रु. २३४९ भुत्तानी भएकोले १ ग्रेडको रु. ७८३ को दररले ९ महिनाको बढी ग्रेड संचयकोष थप समेत रु. ७७५१ निकासा गरेको पाइयो। तलवि प्रतिवेदन भन्दा बढी ग्रेड रकम असुल गर्नुपर्ने रु.	७७५१	
४९	**शिक्षा सशर्त :** निम्नानुसारको विद्यालयमा पूस्तकालय,सुचना प्रविधि सामाग्री खरीद,विज्ञान प्रयोगशाला,शौचालय निर्माण र ल्याव स्थापना गर्न भनी रु.५३००००००।००निकासा गरेको छ । तर तोकिए वमोजिमको कार्य भए नभएको,खरीद भएका समानहरु जिन्सी खातामा चढाए नचढाएको,निर्माण कार्य भए नभएको सम्वन्धमा कार्य समपन्न र अन्य प्रमाण पेश हुनु पर्ने रु.	५३०००००	

परिशू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण

सि. नं	विद्यालयको नाम	काम	रकम
१	ग्रामोदय युगकवि सिद्धिचरण मा.वि.	वाली विज्ञान ल्याव	२६०००००
२	ग्रामोदय युगकवि सिद्धिचरण मा.वि.	शौचालय	७०००००
३	लेती मा.वि	सुचना प्रविधि सामाग्री	६५००००
४	ज्ञानज्योती मा.वि.	पुस्तकालय	६५००००
५	चिउरी मा.वि.	शौचालय	७०००००
	जम्मा		५३०००००

५०

दररेट भन्दा बढी भुक्तानी - सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ बमोजिम सार्वजनिक निकायले प्राविधिक मूल्याङकन सहितको लागत अनुमान तयार भएपछि सोही अनुरुपको विल भरपाई र प्राविधिक मूल्याङकन तयार गर्नु पदर्छ । निम्न निर्माण कार्यको लागत अनुमानभन्दा वास्तविक भुक्तानी बढी देखिएको रु.४५७५।०० असुल गर्नुपर्ने देखिएको रु.

४५७५

भौ.नं.	विवरण	परिमाण	भुक्तानी दर	हुनुपर्ने दर	फरक दर	फरक रकम
१६ २०७६।३।२६गापा भवन	प्लास्टर	२०२.४७	५४४.१८	५२४.१८	२०	४०५०
					भ्याट	५२६
					जम्मा	४५७५

५१

भपाई : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६.३ मा खर्चको विल भपाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले निम्न कार्यको भुक्तानीमा खर्चको विल वेगर खर्च गरेकोले सो रकमको प्रमाण पेश गर्नु पर्ने रु.

१७८९०३६

सि. नं	भौ.न मिति	काम	हुनु पर्ने रकम	वढी
१	४।२०७५।१०।०२	पशुसेवा तलव	०	७१९१०
२	१३।२०७६।०३।२५	आप विरुवा र लिची विरुवा	०	१७७५००
३	३।२०७६।०३।२५	महिला विकास	०	२००००
४	२।२०७६।०३।२५	खेलकुद समाग्री	०	३९५१७६
५	१।२०७६।०३।२५	महिला स्वास्थय स्वयम सेविका सम्मान	०	३०८८००
६	१५।२०७५।०६।२३ चालू	पदाधिकारी सुविधा वडा नं ६	०	१२४०००
७	१२।२०७५।०६।२३ चालू	पदाधिकारी सुविधा वडा नं २	०	१३७०००

बेरुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण

८	११।२०७५।०६।२३ चालू	पदाधिकारी सुविधा वडा नं ७	०	१३१०००
९	११क ।२०७५।०६।२३ चालू	पदाधिकारी सुविधा वडा नं ८	०	१२४०००
१०	१२९।२०७६।०१।२९चालू	पदाधिकारी सुविधा	०	३७०००
११	१९१।२०७६।०३।२५चालू	पदाधिकारी सुविधा	९००२००	८७१००
१२	१९०।२०७६।०३।२५चालू	वैठक भत्ता	०	६६०००
१३	२२।२०७५।०६।२४ चालु	स्वास्थय युनिट	०	१३५०००
१४	६६।२०७५।१०।०८ चालु	स्वास्थय युनिट	०	१३५०००
१५	५८।२०७५।०९।१८ चालु	किशोर कटवाल दैनिक भ्रमण भत्ता	०	१७०५०
		जम्मा		२००११५०

५२ **फरक शीर्षकबाट भुक्तानी :** २६-२०७६/३/१९ वडा न ९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३४(२)क ले खर्च गर्दा खर्च गरिने रकम स्वीकृत बजेट भित्र र सम्बन्धित शीर्षकमा परेको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी बजेट बाँडफाँडको अख्तियारीको निर्देशनमा समेत प्रचलित ऐन नियमको पालना गरी खर्च गर्न निर्देशन दिइएको छ । कार्यालयले चालुवाट खर्च लेख्नु पर्ने पुजीगतवाट वाट रु.३५०००।०० शिर्षक फरक पारी खर्च लेखेको अनियमित देखिएको रु. — ३५०००

५३ **प्रदेश सशर्त अनुदान :** प्रदेश सरकारवाट रु.१,३५,००,०००।०० विनियोजन भएको सडक एउटै क्षेत्रमा भएकोमा रु.१,००,००,०००।०० माथिको कार्य बोलपत्रवाट नगराई दुइवटा उपभोक्ता समितिवाट गराएको छ । एउटै वाटो निर्माण गर्न उक्त विनियोजित रकमलाई दुई टुक्रा वनाई दुई वटा उपभोक्ता समितिवाट कार्य गराएकोले सार्वजनिक खरीद ऐन र नियमको पालना भएको नदेखिएकोले निर्माण कार्य गर्दा खरिद ऐन र नियमावलीको प्रक्रिया बमोजिम बोलपत्रको माध्यमद्धारा गराउन सभा र कार्यपालिकाको गम्भीर ध्यानाकर्षण हुनुपर्दछ ।

भौ.नं./ मिति	विवरण	सम्पन्न रकम
३-२०७६।०३।२६	सिंहदेवी नर्मदेश्वर यसम ग्राम्नाङ्गटार खिजीफलाटे	६५०००००
४-२०७६।०३।२६	मजुवा भञ्ज्याङ्ग वाल्पु मल्खु खिजीदेम्वा सडक	७००००००
जम्मा		१३५००००.००

५४ **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलव्ध गराई गाँउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालीकाले शुत्र प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार संचालनमा ल्याइनू पर्दछ ।

५५ **योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने

रुजू दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम	फछ्र्यौटको विवरण
	व्यवस्था छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ ।		
३	**लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । खरिद गर्दा लागत अनुमान वनाउने प्रक्रिया अवलम्वन गर्नुपर्दछ ।		
७	**गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।		
८	**वितीय जवाफदेहिताको मूल्यांकन :** कार्यालयको व्यवस्थापकीय पक्ष, वितीय व्यवस्थापन पक्ष, सेवाप्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकनगर्दा कार्यालयले ६४ अंक अर्थात ६४ प्रतिशत ग्रेड (B)प्राप्त गरेको छ । उक्त विषयहरुमा थप सुधार हुनुपर्दछ ।		
	बेरुजू -गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.५३४७२८।००,अनियमित बेरुजू रु.७८८२०७०।००, प्रमाण कागजात पेश नभएको बेरुजू रु.९०९६६७८।०० र पेश्की बाँकी देखिएको रु.८५१०००।०० समेत रु.१८३६४४७६।०० बेरुजू कायम भएको छ ।		
	अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :		

गत वर्षको वेरुजू रकम (रु) (A)	यो वर्ष फछ्र्यौट (B)	वाँकी (C=A-B)
३५३४६०९५	१०६५८८५८	२४६८७२३७

	अद्यावधिक वेरुजू स्थिति : गाँउपालीकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ :				

गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C)	यो वर्षको सं.पं बाट कायम वेरुजू रु (D)	यो वर्षको कायम वेरुजू (रु) (E)	बाँकी (F=C+D+E)
२४६८७२३७	०	१८३६४४७६	४३०५१७१३